# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, बैशाख ८ गते, २०८२ साल (अतिरिक्ताङ्क ०१(ग)

## भाग २

### गण्डकी प्रदेश सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

### आँपपिपल अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२

**प्रस्तावनाः** गण्डकी प्रदेश सरकार मातहत सञ्चालनमा आएको आँपपिपल अस्पताल, गोरखाबाट प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, प्रसामक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन तथा अस्पतालको कामकारवाही गुणस्तरीय, चुस्त, दुरुस्त प्रभावकारी बनाउने कार्यमा सहयोग गर्न व्यवस्थापन समिति गठन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश विकास समिति ऐन, २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस आदेशको नाम “आँपपिपल अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८२” रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) “अध्यक्ष” भन्नाले अस्पताल व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) “अस्पताल” भन्नाले गण्डकी प्रदेश सरकार मातहत सञ्चालित आँपपिपल अस्पताल, गोरखा सम्झनु पर्छ।

(ग) “कोष” भन्नाले दफा ११ बमोजिमको कोष सम्झनु पर्छ।

(घ) “प्रदेश सरकार” भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ङ) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(च) “सचिव” भन्नाले मन्त्रालयको सचिवलाई सम्झनु पर्छ।

(छ) “सदस्य सचिव” भन्नाले अस्पताल व्यवस्थापन समितिको सदस्य सचिवलाई सम्झनु पर्छ।

(ज) “सदस्य” भन्नाले अस्पताल व्यवस्थापन समितिको सदस्यलाई सम्झनु पर्छ। सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ।

(झ) “समिति” भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ञ) “स्थानीय तह” भन्नाले महानगर वा उपमहानगर वा नगर वा गाउँपालिकालाई सम्झनु पर्छ।

३. **<u>समितिको गठनः</u>** (१) प्रदेश सरकार अन्तर्गतका अस्पतालहरुको सञ्चालन र व्यवस्थापन गर्न अस्पतालमा देहाय बमोजिमका पदाधिकारी रहेको अस्पताल व्यवस्थापन समिति गठन गरिनेछः-

(क) अस्पताल रहेको सम्बन्धित स्थानीय तहको प्रमुख वा प्रदेश सरकारले मनोनित गरेको सम्बन्धित जिल्लाको कम्तीमा प्रविणता प्रमाणपत्र तह उपाधि प्राप्त व्यक्ति -अध्यक्ष

(ख) अस्पताल रहेको स्थानीय तहको प्रमुख/उप-प्रमुख वा अस्पतालसँग सिमाना जोडिएको स्थानीय तहको प्रमुख/उपप्रमुखहरुमध्ये मन्त्रालयबाट मनोनित एक जना -सदस्य

(ग) सम्बन्धित जिल्लाको सामाजिक क्षेत्रमा क्रियाशिल महिलाहरुमध्ये मन्त्रालयले मनोनयन गरेको कम्तीमा प्रविणता प्रमाणपत्र तह उपाधि प्राप्त एक जना -सदस्य

(घ) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य

(ङ) कोष तथा लेखा नियन्त्रक वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य

(च) प्रमुख, अस्पतालको नर्सिङ शाखा -सदस्य

(छ) प्रमुख मेडिकल सुपरिटेण्डेन्ट/मेडिकल सुपरिटेण्डेन्ट -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष सहित अन्य मनोनित पदाधिकारीहरूले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा अस्पतालको हित विपरित कुनै कार्य गरेको पाइएमा वा जुनसुकै पदाधिकारी निलम्बनमा परेमा वा निज उपर फौजदारी अभियोग लागेको प्रमाणित भएमा मन्त्रालयले निर्णय गरी जुनसुकै बखत हटाउन सक्नेछ ।

तर, त्यसरी पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

४. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) समितिको बैठक त्रैमासिक रुपमा कम्तीमा एक पटक बस्नेछ।

(२) समितिको सदस्य सचिवले अध्यक्षसँग समन्वय गरी समितिले बैठक आह्वान गर्नेछ।

(३) उपदफा (२) बमोजिम अध्यक्ष उपस्थित नभएमा वा सम्पर्कमा नआएमा नेपाल सरकारले जारी गरेको मर्यादाक्रम अनुसार माथिल्लो मर्यदाक्रममा रहेको पदाधिकारीको अध्यक्षतामा बैठक बस्ने गरी सदस्य सचिवले बैठकको आह्वान गर्न सक्नेछ।

(४) समितिको बैठक बोलाउँदा सो बैठकका एजेण्डा बैठक बस्ने मिति भन्दा सामान्यतया चौबीस घण्टा अगावै सदस्य सचिवले अध्यक्ष र सदस्यलाई लिखित रुपमा पत्राचार मार्फत वा विद्युतिय माध्यम मार्फत उपलब्ध गराउनु पर्नेछ।

(५) समितिले आवश्यकतानुसार सम्बन्धित क्षेत्रको विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ तर मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) बैठकलाई सुव्यवस्थित गर्ने काम बैठकको अध्यक्षता गर्ने व्यक्तिको हुनेछ।

(९) सदस्य सचिवले बैठकमा एजेण्डाहरु क्रमागत रुपमा पेश गरी छलफल गर्नुपर्दछ।

(१०) बैठकको छलफलमा भाग लिने सदस्यले बोल्ने पालो तथा बोल्न पाउने समयको अवधि बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्धारण गरे बमोजिम हुनेछ।

(११) समितिले कुनै पनि निर्णय गर्दा प्रचलित कानूनको पालना गर्नु पर्नेछ।

(१२) सदस्य सचिवले समितिको निर्णय प्रमाणित गरी राख्नु पर्नेछ।

(१३) सदस्य सचिवले समितिको निर्णय प्रमाणित गरेपछि मात्र निर्णय कार्यान्वयन हुनेछ। समितिको निर्णय सदस्य सचिवलाई कानून सम्वत् नलागेमा प्रमाणीकरण नगर्न वा तालुक निकाय समक्ष सो सम्बन्धमा थप राय लिन सक्नेछ।

(१४) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी ७ दिनभित्र सोको जानकारी मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(१५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समितिको बैठक बस्न नसकेको अवस्थामा निर्णय हुनुपर्ने व्यहोरा खुलाई सदस्य सचिवले मन्त्रालयको सचिव समक्ष पेश गर्न सक्नेछ र सो सम्वन्धमा मन्त्रालयको सचिवले समितिको अध्यक्षको हैसियतले आवश्यक निर्णय गर्न सक्नेछ।

(१६) समितिका पदाधिकारीहरुले बैठकमा भाग लिए वापत नियमानुसार बैठक भत्ता पाउनेछन्। समितिका पदाधिकारीहरुले अन्य कुनै पनि थप सुविधा दावी गर्न पाउने छैनन्।

(१७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

५. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालको विकासका लागि सरोकारवालाहरुसँग आवश्यक समन्वय एवं स्रोत-साधन व्यवस्थापन गरी सेवालाई गुणस्तरीय, चुस्त दुरुस्त बनाउन सहयोग गर्ने,

(ख) अस्पतालको सेवा सञ्चालन र व्यवस्थापन गर्न आवश्यक सहयोग गर्ने,

(ग) अस्पतालको अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गर्न सहयोग गर्ने,

(घ) अस्पतालको आन्तरिक स्रोतको बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गराउने,

(ङ) अस्पतालको सेवा शुल्क प्रस्ताव गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्न लगाउने,

(च) अस्पतालबाट प्रदान गरिएका सेवा सुविधाहरुको नियमित अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने,

(छ) अस्पतालजन्य फोहरमैला व्यवस्थापनको उचित प्रबन्ध मिलाउने,

(ज) सक्षमता, आवश्यकता र औचित्यको आधारमा आन्तरिक स्रोतको मितव्ययी रुपमा अस्पतालमा कार्यरत कर्मचारीको थप सेवा सुविधा स्वीकृत गर्ने,

(झ) समितिको निर्णय कार्यान्वयनको लागि उपयुक्त वातावरण बनाई सहयोग र आवश्यक समन्वय गर्ने,

(ञ) अस्पतालमा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीहरुलाई कार्यस्थलमा सुरक्षाको प्रत्याभूतिको वातावरण सिर्जना गर्न सहयोग गर्ने,

(ट) समितिले आर्थिक रुपमा असहाय तथा असक्षम बिरामीको लागि निःशुल्क उपचार सम्बन्धी कार्यविधि वा निर्देशिका बनाई मन्त्रालयबाट स्वीकृत गराएर उपचारको व्यवस्था मिलाउने,

(ठ) समितिका पदाधिकारीहरुले अस्पतालको आर्थिक एवं प्रशासनिक र चिकित्सकीय काममा दवाव दिन वा हस्तक्षेप गर्नु हुँदैन,

(ड) समितिका पदाधिकारीहरुले अस्पताललाई थप दायित्व सिर्जना हुने गरी खर्च गर्ने गराउने काम गर्नु हुँदैन,

(ढ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने गराउने।

६. **अध्यक्षको काम कर्तव्य र अधिकारः** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको विस्तार एवं गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पर्ने स्रोत/साधन जुटाउने,

(ग) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, समुदाय र सम्बन्धित निकायका बीचमा आवश्यक समन्वय र सहकार्य गर्ने,

(घ) प्रचलित कानूनको अधीनमा रही अस्पतालको विकास, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था गर्ने/गराउने।

(ङ) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने,

(च) समय समयमा अस्पतालको निरीक्षण गरी अस्पतालको सेवा प्रवाह सम्बन्धमा प्राप्त सेवाग्राहीको गुनासो सम्बोधन गर्ने गराउने।

७. <u>**सदस्य सचिवको काम कर्तव्य र अधिकारः**</u> सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने,

(ख) अस्पतालको सेवा प्रभावकारी रुपमा व्यवस्थापन तथा सञ्चालन गर्ने/गराउने,

(ग) समितिको निर्णय कार्यान्वयन गर्ने/गराउने,

(घ) अस्पतालको सम्पत्तिको सुरक्षा, संरक्षण एवं आवश्यक रेखदेख गर्ने/गराउने,

(ङ) अध्यक्षसँगको समन्वयमा बैठकको एजेण्डा तयार गरी बैठक बोलाउने,

(च) दैनिक प्रशासनिक कार्य गर्ने/गराउने,

(छ) मासिक रूपमा प्रगति प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ज) समितिले गरेको निर्णय अनुरुपका अन्य आवश्यक कार्यहरु गर्ने/गराउने।

८. **<u>बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठनः</u>** (१) अस्पतालहरुको वार्षिक नीति तथा योजना र बजेट तथा कार्यक्रम प्रस्ताव गर्न देहाय बमोजिमको समिति गठन हुनेछः-

| | | |
|---|---|---|
| (क | प्रमुख मेडिकल सुपरिटेण्डेन्ट/मेडिकल सुपरिटेण्डेन्ट | -संयोजक |
| (ख | अस्पतालको नर्सिङ प्रमुख | -सदस्य |
| (ग) | अस्पतालको आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| (घ) | अस्पतालको प्रशासन शाखा प्रमुख | -सदस्य |
| (ङ) | अस्पतालको योजना तथा तथ्याङ्क शाखा प्रमुख वा सो पद रिक्त रहेको अवस्थामा संयोजकले तोकेको कर्मचारी | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले आर्थिक वर्षको श्रावण महिनाको पन्ध्र गते भित्र अस्पतालको वार्षिक नीति तथा योजना र बजेट तथा कार्यक्रमको प्रस्ताव तयार गरी समितिमा पेश गर्नु पर्नेछ।

९. **<u>बजेट तथा कार्यक्रम स्वीकृतिः</u>** (१) दफा ८ बमोजिमको समितिले पेश भएको प्रस्तावित नीति तथा योजना र बजेट तथा कार्यक्रम समितिले श्रावण मसान्तभित्र स्वीकृत गरी सोको एक हप्ताभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सचिवस्तरको निर्णयबाट मन्त्रालयले स्वीकृत गरी सम्बन्धित अस्पतालमा पठाउनु पर्नेछ।

(३) समितिले स्वीकृत बजेट तथा कार्यक्रम आवश्यकता र औचित्यको आधारमा मन्त्रालयको सहमति लिएर दोश्रो त्रैमासिक पछि संशोधन गर्न सक्नेछ।

१०. **<u>बजेट तथा कार्यक्रमको कार्यान्वयनः</u>** (१) स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनको जिम्मेवारी समितिको सदस्य सचिवको हुनेछ।

(२) स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयनको लागि कार्यमूलक वातावरणको सिर्जना गर्नु समितिका पदाधिकारीहरुको जिम्मेवारी हुनेछ।

(३) समितिको बैठकमा सदस्य सचिवले बजेट तथा कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण पेश गर्नुपर्नेछ।

(४) बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा नेपाल सरकार र प्रदेश सरकारबाट जारी प्रचलित नियम कानून बमोजिम हुने गरी गर्नु पर्नेछ।

(५) समितिको आय/व्यय प्रतिवेदन प्रत्येक त्रैमासिक अवधि समाप्त भएको पन्ध्र दिन भित्र र वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

**११.** **समितिको कोष सञ्चालन एवं खर्च सम्बन्धमाः** (१) कोष तथा लेखा नियन्त्रक कार्यालय अन्तर्गतको विविध खातामा समितिको कोष रहनेछ।

(२) समितिको खातामा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट अस्पताल सञ्चालनको लागि अस्पताल व्यवस्थापन समितिको नाममा प्राप्त हुने अनुदानको रकम,

(ख) अस्पतालले सेवा प्रदान गरे बापत प्राप्त हुने स्वीकृत सेवा शुल्क,

(ग) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) समितिले उपदफा (२) को खण्ड (घ) बमोजिम कुनै रकम प्राप्त गर्दा प्रचलित कानून बमोजिम प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) समितिको खाता अस्पतालको प्रमुख/मेडिकल सुपरिटेण्डेन्ट र अस्पतालको लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(५) खाताको रकम समितिको बैठकको निर्णय अनुसार प्रचलित कानून बमोजिम खर्च गर्नु पर्नेछ।

(६) समितिको खातामा प्रयोजन तोकी प्राप्त रकम सोही प्रयोजनका लागि मात्र खर्च गर्नु पर्नेछ।

(७) खाताको रकमबाट अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक, चिकित्सक, स्वास्थ्यकर्मी एवं अन्य कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउदा कार्यसम्पादनमा आधारित हुनु पर्नेछ।

१२. **जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) समितिले अस्पतालमा थप सेवा विस्तार तथा गुणस्तर अभिवृद्धि गर्नका लागि अस्पतालको आन्तरिक श्रोतबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम जनशक्ति सेवा करारमा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न अस्पतालमा देहाय बमोजिमको संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछः-

(क) प्रमुख/मेडिकल सुपरिटेण्डेन्ट -संयोजक

(ख) मन्त्रालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ग) अस्पतालको नर्सिङ प्रमुख -सदस्य

(घ) अस्पतालको प्रशासन शाखा प्रमुख वा सो पद रिक्त रहेको अवस्थामा संयोजकले तोकेको कर्मचारी -सदस्य सचिव

(३) संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले अनुसूची बमोजिमको ढाँचामा अस्पतालको आन्तरिक स्रोतबाट व्यवस्थापन हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेछ।

(४) समितिले निर्णय गरी उपदफा (३) बमोजिमको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिको प्रतिवेदन स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम स्वीकृतिको लागि पेश भएको प्रतिवेदन मन्त्रालयको सचिवले संशोधन सहित स्वीकृत वा अस्वीकृत गरी सम्बन्धित अस्पतालमा पठाउनु पर्नेछ।

(६) सम्बन्धित अस्पतालले उपदफा (५) बमोजिम स्वीकृत भएको जनशक्ति अस्पतालको आन्तरिक स्रोतबाट सेवा सुविधा उपलब्ध गराउने गरी प्रचलित कानूनले निर्धारण गरेको योग्यता भएको व्यक्ति उम्मेदवार हुने गरी खुला प्रतियोगिताद्वारा जनशक्ति पदपूर्ति गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम पदपूर्ति भएको जनशक्तिलाई नियमानुसार अस्पतालले सेवा करार सम्झौता गरी कामकाजमा लगाउनु पर्नेछ।

(८) उपदफा (६) बमोजिम सेवा करारमा नियुक्ति हुने जनशक्तिको पारिश्रमिक, सेवाको शर्त र सुविधा प्रचलित कानूनको अधिनमा रही सेवा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस दफा बमोजिम सेवा करारमा रहेका जनशक्तिको कार्य सम्पादन सन्तोषजनक नभएमा वा अस्पताललाई उक्त जनशक्ति आवश्यक नभएमा अस्पतालले जुनसुकै बेला सेवा करार रद्ध गरी सेवाबाट हटाउन सक्नेछ।

१३. **लेखा र लेखा परीक्षण सम्बन्धी व्यवस्थाः** (१) अस्पतालको आय-व्ययको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(२) अस्पतालको आन्तरिक लेखापरिक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय/कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ।

(३) समितिले प्रचलित कानून बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(४) मन्त्रालयले आवश्यकता अनुसार अस्पतालको आर्थिक कार्यप्रणालीको अनुगमन र निरीक्षण गर्न सक्नेछ।

१४. **अधिकार प्रत्यायोजनः** आफुलाई प्राप्त अधिकारमध्ये अस्पतालको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, अस्पतालको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गर्ने र अस्पतालको सेवा शुल्क प्रस्ताव गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने बाहेक अन्य अधिकार समितिले आवश्यकता अनुसार अध्यक्ष वा सदस्य सचिवले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

१५. **निर्देशन दिन सक्नेः** मन्त्रालयले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१६. **अभिलेख तथा प्रतिवेदनः** (१) बिरामीको उपचार सम्बन्धी अभिलेख तयार गरी सोही बमोजिम विद्युतीय प्रणालीमा अनिवार्य प्रविष्टि गर्नु पर्नेछ।

(२) अस्पतालले उपदफा (१) बमोजिम अभिलेख उतार गरी मासिक रुपमा प्रतिवेदन प्रत्येक महिनाको सात गते भित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१७. **मन्त्रालयसँग सम्पर्कः** (१) समितिले मन्त्रालयसँग सम्पर्क राख्दा अस्पताल मार्फत राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्पर्क राख्दा सम्बन्धित अस्पतालको आधिकारिक लेटरप्याड र सही छाप प्रयोग गरी अस्पतालको प्रमुख मार्फत सम्पर्क राख्नु पर्नेछ। यसरी सम्पर्क गर्दा समितिको छुट्टै लेटर प्याड र सहीछाप प्रयोग गर्न पाइने छैन।

१८. **मार्गदर्शन, मापदण्ड बनाउन सक्नेः** मन्त्रालयले यस गठन आदेश कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन, मापदण्ड जारी गर्न सक्नेछ।

१९. **बाधा अड्काउन फुकाउन सक्नेः** यस गठन आदेशको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२०. **संशोधन गर्न सक्नेः** (१) प्रदेश सरकारले यस गठन आदेशमा आवश्यक संशोधन गर्न सक्नेछ।

(२) मन्त्रालयले यस गठन आदेशको अनुसूचीमा आवश्यक संशोधन गर्न सक्नेछ।

अनुसूची

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

**संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पेश गरिने प्रतिवेदनको ढाँचा**

भाग — १

**परिचय**

१. अध्ययनको पृष्ठभूमि :

२. समितिको गठन :

३. अध्ययनको उदेश्य :

४. अध्ययनको विधि र सिमा :

भाग — २

**मौजुदा दरवन्दी**

५. मौजुदा दरवन्दी र पदपूर्तिको अवस्थाको विश्लेषण :

भाग — ३

**विश्लेषण र औचित्य**

६. कार्यबोझ र कार्यप्रकृतिको विश्लेषण :

भाग — ४

**प्रस्तावित दरवन्दी, वित्तीय विश्लेषण र सिफारिस**

७. अस्पतालमा थप गर्नु पर्ने प्रस्तावित दरवन्दी तेरिजको विवरण :

८. अस्पतालको आन्तिरिक आय र प्रस्तावित दरवन्दी तेरिजबाट अस्पतालको आन्तरिक श्रोतमा पर्न जाने वित्तीय व्यय भारको विश्लेषण :

९. अन्य सुझाव, सिफारिस र निष्कर्ष :

आज्ञाले,

डा. विश्वबन्धु बगाले

प्रदेश सरकारको सचिव ।

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.२५।-